


नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
आ.व.२०७६/७७ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक
मितिः २०७७/०४/१६
कमलप्रसाद भट्टराई
सह -सचिव
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# प्रस्तुतीकरणको खाका

- मन्त्रालय र अन्तर्गतका निकायहरुका बजेट र खर्चको स्थिति
- पन्ध्रौं योजनाको नतिजा खाका बमोजिमको प्रगतिः
- कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगति स्थिति
- राष्ट्रिय गौरवका र अन्य आयोजनाहरुको आयोजनागत प्रगति
- नतिजा सूचक र सोको प्रगितिको स्थिति
- बेरुजु र गुनासो फछ्र्यौटको अवस्था
- नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन प्रगति
- अन्य उपलब्धि
- अतिरिक्त क्रियाकलाप
- अघिल्लो MDAC निर्णयको प्रगति
- मुख्य समस्या तथा चुनौतिहरु

# आ.ब. २०७६/७७ मा विनियोजित बजेट


| खर्च शीर्षक | विनियोजित बजेट |
|---|---|
| चालु | ३०८८३९० |
| पूँजीगत | २२७९६३३ |
| जम्मा | ५३६८०२३ |
| | |
| वित्तीय | १५६४८९०० |
| कुल | २१०१६९२३ |




**चालुः** ३ अर्व ८ करोड ८३ लाख ९० हजार
**पुँजीगतः** २ अर्व २७ करोड ९६ लाख ३३ हजार
**वित्तियः** १५ अर्व ६४ करोड ८९ लाख
**कुलः** २१ अर्व १ करोड ६९ लाख २३ हजार

# खर्चको स्थिति

| खर्च शीर्षक | बजेट रु हजारमा | | खर्च प्रतिशत |
|---|---|---|---|
| | विनियोजन | खर्च | |
| चालु | ३०८८३९० | २४८७४८५ | ८१ |
| पूँजीगत | २२७९६३३ | १३९४१८६ | ६१ |
| वित्तीय | १५६४८९०० | ८४८७८२३ | ५४ |
| **जम्मा** | २१०१६९२३ | १२३६९४९४ | ५९ |




**विनियोजन रु:** २१ अर्ब १ करोड ६९ लाख २३ हजार
**खर्च रु:** १२ अर्ब ३६ करोड ९४ लाख ९४ हजार

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७६/७७ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १. उच्च र समतामूलक राष्ट्रिय आय | ३५. पर्यटनमा विदेशी मुद्रा आर्जन | अमेरिकी डलर (करोडमा) | ८९.९ | ७२.४३ |
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | १६. आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ३१.३३ | ३१.८८ |
| | १७. अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु | संख्या (लाखमा) | ४७.८९ | ४१.३८ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७६/७७ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| ३. सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता | ३२.द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | संख्या | ४० | ४० |
| | ३३. अन्तराष्ट्रिय तथा क्षेत्रीय विमानस्थल | संख्या | ३ | १ |
| | ३४. आन्तरिक विमानस्थलको स्तरोन्नति | संख्या | ३४ | ३५ |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७६/७७ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ५ | २.०५ |
| | २८.विदेशि पर्यटन आगमन | संख्या (हजारमा) | १५.५ | ११.९७ |
| | २९. विदेशी पर्यटकको औसत बसाई | दिन | १३ | १२.७ |
| | ३०.प्रति पर्यटक खर्च (प्रति दिन) | अमेरिकी डलर | ५६ | ४८ |
| | ३१. पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | संख्या (हजारमा) | ५८ | ३८०० |


# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७६/७७ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६३.नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट | संख्या लाखमा | ९० | ८० |
| | ६४. पर्यटन स्तरको होटल बेड | | | |
| | तारे होटल | होटल संख्या | १७७ | १३८ (२०१९मा) |
| | | बेड संख्या | १७२७१ | १३२०० (२०१९मा) |
| | अन्य होटल | होटल संख्या | १२३७ | ११५१ (२०१९मा) |
| | | बेड संख्या | ३७११० | ३०७९९ |
| | होमस्टे र क्षमता | संख्या | ३०२ | ३८९ (२०१९मा) |
| | | बेड संख्या | १२१० | १०८८(२०१९मा) |

# पन्ध्रौं योजनाको नतिजा सूचकका प्रगतिहरु

| प्रमुख नतिजा क्षेत्र | नतिजा सूचक | एकाई | आ.व. २०७६/७७ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| ४. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ६५. पदमार्ग | कि.मि. | ३६८ | ३३२ |
| | ६६. पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल | संख्या | १९२ | १९२ |
| | ६७. पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति | संख्या | १३००० | ९१२८ |
| ६. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | २७.साँस्कृतिक सम्पदाको डिजिटाइजेसन | संख्या | २०००० | २०००० |
| | २८. प्रतिलिपि अधिकार संरक्षण | संख्या | २००० | १९७४ |


# प्राथमिकता प्राप्त आयोजना/कार्यक्रमको संख्या



# कार्यक्रम तथा आयोजनाहरुको समग्र भौतिक प्रगति स्थितिः

| प्राथमिकता क्रम | ८० % भन्दा माथि प्रगति भएका | ५० % देखि ८० % सम्म प्रगति भएका | ५० % भन्दा कम प्रगति भएका | जम्मा |
|---|---|---|---|---|
| पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना | ४ | ३ | २ | ९ |
| दोस्रो प्राथमिकता प्राप्त (P2) आयोजना | १ | ४ | - | ५ |
| जम्मा | ४ | ७ | २ | १४ |

# P 1 कार्यक्रम तथा आयोजनाहरुको प्रगति स्थितिः



# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको वार्षिक प्रगति

| सि. नं. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट रु हजारमा | वार्षिक प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १. | ३२५१०६ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | (१ अर्व ८५ करोड ८५ लाख) १८५८५०० | ६७ | ६३ |
| २. | ३२५१११ | पुरातात्विक स्थल संरक्षण आयोजना | (३१ करोड ९८ लाख) ३१९८०० | ६५.६ | ६४ |
| ३. | ३२५११२ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | (१ करोड ६४ लाख) १६४०० | ४६ | ३८ |
| ४. | ५०११०१ | नेपाल नागरिक उड्डयन प्राधिकरण | (१ अर्व २५ करोड ) १२५०००० | ८७ | ४९ |
| ५. | ५०११७९ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | (८ अर्व) ८०००००० | ६१ | ९६ |

# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको वार्षिक प्रगति

| सि. नं. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट रु हजारमा | वार्षिक प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| ६. | ५०११८० | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, बारा | (१ अर्व ३० करोड) १३००००० | १ | ३ |
| ७. | ३२५११५ | पशुपति क्षेत्र विकास कोष | (३५ करोड) ३५०००० | ८४ | ४३ |
| ८. | ३२५११६ | लुम्बिनी विकास कोष | (७५ करोड ) ७५०००० | ९५ | ९४ |
| ९. | ३२५८१०१ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | (७ करोड ९४ लाख) ७९४०० | ८९ | ७४ |

# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको तेस्रो चौमासिक प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | प्रगति प्रतिशत | |
|---|---|---|---|
| | | भौतिक | वित्तिय |
| १. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ३४ | ३७.२ |
| २. | पुरातात्विक स्थल संरक्षण आयोजना | ५३ | ४६ |
| ३. | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ६५ | ६० |
| ४. | नेपाल नागरिक उड्डयन प्राधिकरण | ८८ | ६० |
| ५. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ५४ | २६ |

# पहिलो प्राथमिकता प्राप्त (P1) कार्यक्रमहरुको तेस्रो चौमासिक प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | प्रगति प्रतिशत | |
|---|---|---|---|
| | | भौतिक | वित्तिय |
| ६. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | - | १ |
| ७. | पशुपति क्षेत्र विकास कोष | ८४ | ४३ |
| ८. | लुम्बिनी विकास कोष | ९५ | १५८ |
| ९. | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ६.४ | ९२.८ |

# दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रमहरुको वार्षिक प्रगति

| सि.नं. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट (रु.हजारमा) | वार्षिक प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| १. | ५०१२५१०३ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना (गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल) | (३ अर्व ३३ करोड ६४ लाख) ३३३६४०० | ८५ | ४९ |
| २. | ३२५१०८ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | (२९ करोड ४८ लाख ९२ हजार) २९४८९२ | ५७ | २० |
| ३. | ३२५११३ | हवाइ यातायात क्षमता अभिवृद्धि आयोजना | (१ अर्व ७० करोड ) १७००००० | ६७ | ४७ |

# दोस्रो प्राथमिकता प्राप्त (P2) कार्यक्रमहरुको बार्षिक प्रगति

| सि.नं. | ब.उ.शि.नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट (रु.हजारमा) | वार्षिक प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तिय |
| ४. | ३२५००१०१ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्धन आयोजना | (१ करोड ४३ लाख) १४३०० | ५३ | ५१ |
| ५. | ३२५००१०३ | संस्कृति पर्वर्धन कार्यक्रम | (४२ करोड ३८ लाख) ४२३८०० | ६२ | ६७ |

# मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट (रु.हजारमा) | प्रगति (%) | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय |
| १. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | (२७ करोड ६५ लाख ३३ हजार) २७६५३३ | १०० | ९८ |
| २. | पर्यटन विभाग | (१४ करोड १७ लाख) १४१७०० | ९२ | ९४ |
| ३. | पुरातत्व विभाग (केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला समेत) | (१४ करोड ४ लाख) १४०४०० | ६६ | १९९ |
| ४. | राष्ट्रिय अभिलेखालय | (५ करोड ७ लाख) ५०७०० | ६७ | ५३ |
| ५. | राष्ट्रिय संग्रहालय | (१ करोड ६४ लाख) १६४०० | ९८ | ८२ |
| ७. | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | (१ करोड २० लाख) १२००० | ७२ | ७२ |
| | | | | |


# मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट (रु.हजारमा) | प्रगति (%) | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय |
| ८. | नेपाल प्रज्ञा प्रतिष्ठान | (१६ करोड ९९ लाख ३६ हजार) १६९९३६ | ९८ | ९९ |
| ९. | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | (६ करोड ५ लाख) ६०५०० | ९४ | ९४ |
| १०. | नेपाल संङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान | (९ करोड ७० लाख ८३ हजार) ९७०८३ | ९७ | ९७ |
| ११. | सांस्कृतिक संस्थान | (१ करोड २० लाख) १२००० | ९९ | १०० |
| १२. | नारायणहिटी दरबार संग्रहालय | (९ करोड ३६ लाख) ९३६०० | १०० | १०० |
| १३. | भाषा आयोग | (६ करोड ८० लाख) ६८००२ | ७० | ४३ |
| १४. | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | (७ करोड ९४ लाख) ७९४०० | ८९ | ७४ |


# मन्त्रालय र मातहतका निकायहरुको प्रगति

| सि. नं. | आयोजना/कार्यक्रम | वार्षिक बजेट (रु.हजारमा) | प्रगति (%) | |
|---|---|---|---|---|
| | | | भौतिक | वित्तिय |
| १५. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ( २६ लाख) २६०० | ८७.६ | ८७.६ |
| १६. | क्षेत्रीय संग्रहालयहरु | (१ करोड ३५ लाख) १३५०० | २० | ६९ |
| १७. | संग्रहालयहरु | ( २ करोड ५५ लाख) २५५०० | ६८ | ८६ |
| १८. | ऐतिहासिक दरवारहरु | ( ७ करोड ७८ लाख) ७७८०० | १०० | ८७ |
| १९. | तारागाउँ विकास समिति | ( २ करोड ६० लाख १७ हजार) २६०१७ | १०० | ८६ |

# राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७६/७७ को भौतिक तथा वित्तीय प्रगति प्रतिशतमा



# राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको भौतिक तथा वित्तीय प्रगति प्रतिशतमा



# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगतिको सारांश

| सि.नं. | कार्यक्रम तथा आयोजना | २०७५/७६को सम्मको अवस्था | २०७६/७७को | | हालसम्मको कुल प्रगति |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| १. | प्रति पर्यटक प्रतिदिन खर्च (डलर) | ५४ | ६२ | ४८ | ४८ |
| २. | प्रति पर्यटक औसत बसाई (दिन) | १२.४ | १३ | १२.७ | १२.७ |
| ३. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | ६१ | १०० | ३७ | ९८ |
| | क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Runway, Taxiway को Rehabilitation कार्य | १०० | | १०० | १०० |
| | ख) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको दक्षिणतर्फ ३०० मिटर विस्तार | १०० | | १०० | १०० |
| | ग) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन विस्तार | १०० | | ६५ | ६५ |
| ४. | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ७३ | १०० | १८ | ९१ |
| ५. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ४२ | ७५ | १९ | ६१ |
| ६. | सम्पदा पुनःनिर्माण (संख्या) | ३८० | १५० | ७३ | ४५० |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समष्टिगत प्रगतिको सारांश

| सि.नं. | कार्यक्रम तथा आयोजना | २०७५/७६को सम्मको अवस्था | २०७६/७७को | | हालसम्मको कुल प्रगति |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| ७. | पर्यटक आगमन (जना/प्रतिशत) | ११,७३,०७२ (सन २०१८) | १५.५ लाख | ११,९७,१९१ (सन २०१९) | २.२ |
| ८. | सञ्चालनमा रहेका विमानस्थल (वटा) | ३२ | | ३२ | ३२ |
| ९. | बर्षैभरि सञ्चालन योग्य विमानस्थल (वटा) | ३२ | ३४ | ३५ | ३५ |
| १०. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (वटा) | ७ | १ | १ | ८ |
| ११. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (वटा) | २८ | | २ | ३० |
| १२. | पर्यटकस्तरका होटल (संख्या) | १२५४ | | ३५ | १२८९ |
| १३. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | २५५ | | ७७ | ३३२ |

# गुनासो फछ्र्यौंट

| सि.नं. | निकाय | गुनासो संख्या | फछ्र्यौंट भएको संख्या | प्रकृयामा रहेको संख्या |
|---|---|---|---|---|
| १ | अ.दु.अ.आ | ७३ | ३६ | ३७ |
| २ | राष्ट्रिय सतर्कता केन्द्र | ४९ | ३५ | १४ |
| ३ | प्र.म.तथा म.प. कार्यालय | १८ | ८ | १० |
| ४ | हेलो सरकार | १७ | १६ | १ |
| | जम्मा | **१५७** | ९५ | ६२ |

जम्मा ६० प्रतिशत गनासो फछ्र्यौंट भएको

# आ.व.२०७६/७७ को बेरुजु फछ्यौंट

| सरकारी तर्फ- | समिति, प्रतिष्ठान तथा कोष तर्फ- |
|---|---|
| जम्मा बेरुजुः ९९ करोड ७५ लाख ८२ हजार | जम्मा बेरुजुः १ अर्व ४९ करोड ३ लाख |
| फछ्यौंटः २७ करोड ४२ लाख ६६ हजार | फछ्यौंट ४३ करोड ४२ लाख ६२ हजार |
| फछ्यौंट प्रतिशतः २७.४९ | फछ्यौंट प्रतिशतः २९ |

# ८० % भन्दा कम प्रगति भएका पहिलो (P1) र दोस्रो (P2) प्राथमिकता प्राप्त आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (%) | प्रगति कम हुनका कारण |
|---|---|---|---|
| १. | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ४६ | • पुरातत्व विभाग अन्तरगत स्थानिय स्तरमा र प्रदेश स्तर समेत र मातहतमा निकाय नहुँदा काममा ढिलाइ हुन गएको।<br>• परम्परागत निर्माण सामाग्री र दक्ष जनशक्ति कालिगढको कमी । COVID -19 का कारण चैत्र-आषाढसम्म काम हुने हिमाली जिल्लाहरुमा काम सम्पन्न गर्न वाधा । |
| २. | पुरातात्विक स्थल संरक्षण आयोजना | ६५ | |
| ३. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ६७ | • covid-19 का कारण ले विशेष गरेर हिमाली जिल्लामा काम गर्न सकिने चैत्र- आषाढ सम्म काममा वाधा पुगेको र अन्य जिल्लामा समेत सो कारणले असर परेको वन्य जन्तु राष्ट्रिय निकुन्ज एवम वन क्षेत्रमा काम गर्दा पुऱ्याउनु पर्ने प्रकृया, समन्वय एवम सहमति प्राप्त गर्न लामो समय लागेको हुँदा कार्य सम्पन्न गर्न वाधा पुगेको । |
| ४. | निजगढ क्षत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ५७ | • वन क्षेत्र खाली गर्ने, टागिया वस्ती स्थानान्तरण गर्ने कार्य अन्य निकाय सँग सम्वन्धित रहेको । जग्गा धनिहरुले अझै मुआव्जा लिन नआएको ।वन क्षत्र खाली गर्ने सम्वन्धी विषय अदालतमा विचाराधिन भएको हुँदा लगानी वोर्डले लगानी गर्ने भनि जिम्मा दिने एजेन्सीले काम सुरुवात नै नगरेको हुँदा कार्य सम्पन्न अत्यन्तै सुस्त रहेको । |
| ५. | पोखरा क्षत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | ६१ | • covid-19का कारणा नियमित रुपले निर्माण सामाग्री तथा विदेशबाट उपकरण एवम दक्ष जनशक्तिलाइ ल्याउन नसकिएको र स्वदेशमै रहेका कामदार, अन्य सामाग्रीहरुले नियमित काम काज गर्न नसकेको हुँदा योजना संचालन पुर्ण रुपले हुन नसकेको हुँदा आशा गरे अनुरुप प्रगति हुन सकेन । |

# ८० % भन्दा कम प्रगति भएका पहिलो (P1) र दोस्रो (P2) प्राथमिकता प्राप्त आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | भौतिक प्रगति (%) | प्रगति कम हुनका कारण |
|---|---|---|---|
| ६. | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ५७ | • COVID -19 का कारण नियमिपत रुपले काम काज गर्न नसकिएको। निर्माण सामाग्री आपुर्तिमा अवरोध आएको । बजेट व्यवस्था ढिलो प्राप्त भएको हुँदा SAKAलाई custom duty वापतको रकम तेश्रो चौमासिकमा भुक्तानी भएको । |
| ७. | हवाइ यातायात क्षमता अभिवृद्धि आयोजना | ६७ | • COVID -19 का कारण माटो भर्ने कार्य ठेक्का स्विकृती भै निर्माण आदेश भएकोमा सो पश्चात देशमा लकडाउन भएको हुँदा कार्य गर्न नसकेको । कतिपय साना तिना काममा समेत दक्ष जनशक्ति एवम सामाग्रीहरु विदेशबाट ल्याउनु पर्ने भएकोमा नसकिएकमा स्वदेशमा रहेका कतिपय जनशक्तिलाइ समेत काम लगाउन नसकिंदाम अन्य काममा समेत असर परेको । |
| ८. | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्धन आयोजना | ५३ | • COVID -19 का कारण लकडाउन भएकोले काम स्थगित गर्नु परेको । |
| ९. | संस्कृति प्रर्वधन कार्यक्रम | ६२ | • COVID -19 का कारण लकडाउन भएकोले काम स्थगित गर्नु परेको । |

# नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-१५७ | भूकम्पबाट क्षतिग्रस्त सम्पदाको पूनर्निर्माण गर्ने । | • यस आ.व. पुनर्निर्माण गर्नु पर्ने १५० वटा सम्पदाहरु मध्ये ६४ वटा को पुनर्निर्माण सम्पन्न भएको ।<br>• रानीपोखरी पुनर्निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको ।<br>• निर्माणाधीन धरहरा पुनर्निर्माण कार्यको ४० प्रतिशत काम सम्पन्न भएको ।<br>• काष्ठमण्डप पुनर्निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भएको छ ।<br>• भुकम्पले क्षतिग्रस्त ८९१ मध्ये ४५३ वटा सम्पदाको संरक्षण तथा पुनःनिर्माण कार्य सम्पन्न भएको । |
| बजेट-२२५ | राष्ट्रिय सांस्कृतिक संग्रहालय निर्माण। | • कीर्तिपुर स्थित जातीय संग्रहालयलाई नेपालको परम्परा, संस्कृति झल्काउने गरी राष्ट्रिय सांस्कृतिक संग्रहालयमा रुपान्तरण गर्न अवधारणा पत्र तयार गरी अन्तिम रुप दिइएको । |
| बजेट-२२५<br>नीति-६४ | रात्रिकालीन काठमाण्डौं उपत्यका सम्पदा यात्रा संचालन । | • उपत्यका सम्पदा यात्रा भक्तपुरमा सम्पन्न, पाटन र किर्तिपुरमा तयारीको कार्य भैरहेकोमा कोभिड १९ प्रकोपका कारण सम्पन्न गर्न नसकिएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| **बजेट-२२६** | लुम्बिनी क्षेत्रको वृहत्तर गुरुयोजना तयार गरी विकास र प्रवर्द्धन गर्ने । | • हालसम्मको भौतिक तर्फको निर्माण कार्य प्रगति ८५ प्रतिशत सम्पन्न ।<br>• आ.व. २०७६/७७ मा भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९४ प्रतिशत रहेको ।<br>• लुम्बिनी क्षेत्रको बृहत्तर गुरुयोजनाको अवधारणा पत्र तयार भैसकेको ।<br>• लुम्बिनी गुरुयोजना अनुसार वाटर टावर र वाटर सप्लाई सिष्टम, केही क्यानल तथा पोखरीहरु, विभिन्न पहुँच मार्गहरु कालोपत्रे तथा ट्र्याक खोल्ने कार्य सम्पन्न ।<br>• पुर्वी र पश्चिमी विहार क्षेत्र, क्षेत्रभित्र विजुली वितरण प्रणाली व्यवस्थित गर्ने कार्य सम्पन्न ।<br>• सञ्चार अन्तर्गत समग्र गुरुयोजना क्षेत्रभित्र अप्टिकल फाइवर भूमिगत रुपमा विच्छ्याउने कार्य सम्पन्न ।<br>• रामग्राम क्षेत्रको गुरुयोजना निर्माण कार्य सम्पन्न भएको ।<br>• ५००० जना अट्ने क्षमता भएको सभाहल निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको छ ।<br>• नेपाली सेनाको सहयोगमा ५ हजार फलफूलको विरुवाहरु वृक्षारोपण गर्ने कार्य सम्पन्न भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| बजेट-२२६ | पशुपति क्षेत्र लगायतको गुरुयोजना तयार गरी विकास र प्रवर्द्धन गर्ने । | • समष्टिगत भौतिक प्रगति ८६ प्रतिशत रहेको छ।<br>• आ.व. २०७६/७७ मा यस कोषको भौतिक प्रगति ८८ प्रतिशत र वित्तीय प्रगति ४९ प्रतिशत रहेको छ ।<br>• पशुपति क्षेत्रको वृहद् गुरुयोजना तयारी कार्य सम्पन्न भई स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको ।<br>• वृहत्तर जनकपुर, वृहत्तर विराट, वृहत्तर गौरीशंकर, वृहत्तर रारा वृहत्तर खसड को गुरुयोजनाहरुको पहिलो चरणको (Field को कार्य सम्पन्न भइ Pre-Draft Report पेश भएको ।<br>• गौशाला भुवनेश्वरी दर्शन मार्ग स्तरोन्नति (२५० मीटरमा प्रस्तरफलक छापिएको) को कार्य सम्पन्न ।<br>• वनकाली प्रहरी कार्यालय बीचमा सिमाङ्कन, विद्युतीय शवदाहगृहमा क्षमता बिस्तार कार्यको सम्झौता कार्य सम्पन्न । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| **बजेट-२२६** | पशुपति क्षेत्र लगायतको गुरुयोजना तयार गरी विकास र प्रवर्द्धन गर्ने । | • मृगस्थलीमा भू क्षय नियन्त्रण कार्य, जीतजंगप्रकाशेश्वर मन्दिर प्रांगण संरक्षण कार्य सम्पन्न ।<br>• कैलाश उमाकुण्डमा घेरापर्खाल तथा हरियाली प्रवर्द्धन, सार्वजनिक शौचालय निर्माण तथा स्तरीकरण, वनकाली प्रहरी कार्यालय बीचमा सिमाङ्कन, जीतजंगप्रकाशेश्वर मन्दिर प्रागंण संरक्षण कार्य सम्पन्न भएको ।<br>**पुनर्निर्माण तर्फः**<br>• गुहेश्वरी चौघेरा सत्तल पश्चिम खण्ड, मृगस्थली क्षेत्रका शिवालयहरु पुनर्निर्माण, किराँतेश्वर सत्तल, लक्ष्मीनारायण सत्तल पुनर्निर्माण, निर्वाणेश्वर सत्तल तथा मन्दिर पुनर्निर्माण कार्य सम्पन्न ।<br>• पुनर्निर्माण गर्नुपर्ने ९० वटा सम्पदा मध्ये हालसम्म ३७ वटाको पुनर्निर्माण सम्पन्न भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-६४<br>बजेट-१३६ | भिजिट नेपाल २०२० को अभियान संचालन गर्ने । | **नेपाल भ्रमण बर्ष २०२० (Visit Nepal Year 2020) तर्फ :**<br>• सन् २०२० जनवरी १ का दिन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट काठमाण्डौको दशरथ रंगशालामा समुदघाटन सम्पन्न भएको ।<br>• भ्रमण वर्ष २०२० को सम्बन्धमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विकास साझेदारहरु, विभिन्न देशका राजदुत तथा कुटनीतिक व्यक्तित्वहरु, निजी क्षेत्र लगायतका सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएको ।<br>• जर्मनी, संयुक्त अधिराज्य, इजरायल, दक्षिण कोरिया, थाइल्याण्ड, म्यानमार, हङकङ, मकाउ र भारत लगायतका देशहरुमा नेपाल भ्रमण वर्ष, २०२० प्रचार प्रसारसंगै अभियानको Soft Launch गरिएको ।<br>• हङकङ र मकाउमा आयोजित कार्यक्रममा क्रमश: १/१ जना पर्यटक दुतहरु नियुक्त गरिएको ।<br>• संयुक्त अधिराज्य लण्डनको माथिल्लो सभा House of Lords मा भ्रमण वर्ष प्रवर्द्धनको कार्यक्रम आयोजना गरी विभिन्न प्रतिष्ठित व्यक्तित्वहरुलाई नेपाल भ्रमण वर्ष, २०२० को सदभावना दूत तथा हिमालयन अवार्डबाट सम्मानित गरिएको ।<br>• थाइल्याण्डको राजधानी बैङ्ककमा दक्षिण पूर्वी एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रहरुका लागि नेपाली राजदुतहरुको सम्मेलन भएको । सोही प्रकृतिको सम्मेलन ओमनको राजधानी मस्कटमा समेत आयोजना भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-६४<br>बजेट-१३६ | भिजिट नेपाल २०२० को अभियान संचालन गर्ने । | **नेपाल भ्रमण बर्ष २०२० क्रमश..**<br>• अष्ट्रेलिया तथा चीनका सञ्चारकर्मी, चलचित्रकर्मी तथा १२७ जना Influencers लाई नेपालमा परिचयात्मक भ्रमण गराएको ।<br>• नेपालमा रहेका प्रमुख शिवशक्ति पीठहरु समेटेर शिवशक्ति सर्किटको अवधारणा निर्माण गरी अध्ययन कार्य अगाडि बढाइएको ।<br>• करिव ३३ वटा प्रवर्धनात्मक कार्यक्रमहरु भारतमा ५ वटा, चीनमा एउटा र युरोपमा एउटा B2B Sales mission आयोजना गरिएको ।<br>• विश्वका मुख्य ६ भाषामा (अंग्रेजी, चाइनीज, स्पेनीस, फ्रेन्च, जर्मनी र रसियन) वेभसाईट तयार गरी संचालनमा ल्याएको ।<br>• जापानी भाषामा समेत NTB Website सुरुवात भएको । नयाँ गन्तव्यहरु आकर्षण झल्कने गरी ७ वटा भिडियोहरु निर्माण भएको ।<br>• भारत र चीनसहित प्रमुख १० वटा श्रोत बजारहरुको पर्यटक आगमन प्रक्षेपण गरि आबश्यक प्रबर्धनका कार्यक्रमहरुको खाका तयार गरिएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-१५४ | मुलुकभरका घोषित नयाँ तथा स्थापित गन्तव्यहरुको विकास र प्रवर्द्धन । | • नमुना पर्यटन गन्तव्यको रुपमा गुरुयोजना तयार भैसकेका गन्तव्यहरुको निर्माण कार्यको प्रगति:<br>सन्दकपुर ८५%,<br>धनुषाधामको ८५%,<br>इन्द्रसरोवर ८५%,<br>पन्चासे ९०%<br>निग्लीहवा ९५%,<br>रारा ७०%,<br>भादगाँउ ९५%<br>• नेपालका सम्पूर्ण जिल्लाहरुको पर्यटकीय गन्तब्यहरुको सहितको Provencial profile, प्रस्तुतीकरण सामग्री तथा Districtwise Itinerary तयार गरिएको।<br>• १०० वटा घोषित नयाँ गन्तव्यहरु मध्य ७० वटाको प्रोफाइल तयार भएको ।<br>• नयाँ तथा स्थापित १९२ वटा गन्तव्यहरु मध्ये १२२ को सत प्रतिशत निकासा र ७० वटा गन्तव्यको ५० प्रतिशत बजेट स्थानिय तहमा निकासा भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| बजेट-१४० | Tourism Satellite Account तयार गर्ने । | • Tourism Satellite Account तयार गर्ने सम्बन्धमा निर्देशक समिति र प्राबिधिक समिति गागठन भइ Stock Analysis कार्य सम्पन्न गरिएको ।<br>• केन्द्रीय तथ्यांक बिभागको सहकार्यमा आन्तरिक पर्यटन सम्बन्धि घरधुरी सर्भेक्षणको प्रस्नावाली तयार गरि प्रस्नावाली पूर्व परीक्षण सम्पन्न भएको ।<br>• अन्तरिक पर्यटन सर्वेक्षणको sample design कार्य तथा निर्देशिका तयार भएको,<br>• नमुना सर्वेक्षण तथा software तयारीको कार्य भईरहेको । |
| नीति-१५४ बजेट-१३७ | किल्ला र बाटोहरु संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रुपमा एकीकरण मार्ग निर्माण । | • सिन्धुलीगढीमा संग्राहालय बनाउन शुरु गरिएको अन्य दरबार र गढीहरुको संरक्षण र सम्भारको काम नियमित भएको ।(नेपाली सेना)<br>• गोरखाको लिगलिगकोटदेखि वारपाकसम्म पदमार्ग निर्माण ४० प्रतिशत सम्पन्न । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| बजेट-१३८ | सुदूर पश्चिमको दार्चुलादेखि पूर्वको ताप्लेजुङ जोड्ने हिमालयन हरित पदमार्ग रेखाकंन गरी पूर्वाधार निर्माण | **GHT को रेखाङ्कन र पूर्वाधार निर्माण**<br>• GHT अन्तर्गतको विभिन्न क्षेत्रको १२७ कि.मी. को DPR तयार भएको ।<br>• GHT अन्तर्गत मकालु क्षेत्र ६ कि मि, कन्चनजंगा क्षेत्र १० कि मि, ढोरपाटन ५, सेफोक्सुण्डो क्षेत्र ५ कि मि तथा च्छोरोल्पा क्षेत्रमा १५ कि मि सहित जम्मा ४१ कि मि GHT को निर्माण सम्पन्न भएको । |
| | | **धार्मिक पर्यटकीय स्थल निर्माण**<br>• शिवशक्ति, रामायण परिपथको Digital Display तयार गर्ने सम्बन्धमा अन्तरिक तयारी भईरहेको ।<br>• बिबाह पंचमी महोत्सबमा वृहत्तर जनकपुरक्षेत्र विकास समिति संगको सहकार्यमा प्रबर्द्धनात्मक कार्य सम्पन्न गरिएको ।<br>• किराती धर्मावलम्बी सँग सम्बन्धित मुन्धुम पदमार्गको प्रबर्धन गरिएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति-४९<br>बजेट-२१८ | गौतमबुध्द अन्तर्राष्ट्रिय विमानस्थल निर्माण । | • समग्र आयोजनाको ९१ प्रतिशत कार्य सम्पन्न भईसकेको ।<br>• आ.व. २०७६/७७ को भौतिक प्रगति ८५ प्रतिशत र वित्तिय प्रगति ४९ प्रतिशत ।<br>• तीन हजार मिटर लम्बाईको धावन मार्ग, ट्याक्सी–वे एवम् एप्रोनको सिभिल निर्माण तर्फको कार्य सम्पन्न ।<br>• विमानस्थल आयोजना IT Building उत्तर तर्फ कार पार्किङ्ग एरियामा कालोपत्रे गर्ने काम सम्पन्न ।<br>• कार पार्किङ्ग स्ट्रीट लाईट केवल Layout कार्य सम्पन्न भएको ।<br>• IT Building देखि प्रशासनिक भवन, सेक्युरिटी भवन, Domestic कार पार्किङ्गको उत्तरसम्म हयुम पाईप Layout कार्य सम्पन्न ।<br>• Runway, Taxiway, Apron, को निर्माण कार्य सम्पन्न ।<br>• अन्तर्राष्ट्रिय टर्मिनल भवन, प्रशासनिक भवन एवम् कन्ट्रोल टावर सम्बन्धि कार्यको संरचना निर्माण तर्फको कार्य सम्पन्न ।<br>• Terminal Building को निर्माण कार्य ।<br>• धावन मार्ग र जहाज पार्किङ्ग क्षेत्र जोड्ने Link taxiway को निर्माण कार्य सम्पन्न भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-४९<br>बजेट-२१८ | पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य ७५ प्रतिशत सम्पन्न हुने । | • समग्र आयोजनाको ६२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको ।<br>• २०७६/७७ को भौतिक प्रगति ६१ प्रतिशत र वित्तीय प्रगति ९६ प्रतिशत रहेको ।<br>• Runway, Taxiway, Apron, Hanger Apron, Conduit Laying, High Mast Flood Light Transformer Box को जडान समेतको कार्य सम्पन्न ।<br>• Apron मा High Mast Flood Light जडान कार्य भएको ।<br>• Terminal भवनमा Glass Curtain Wall को काम सम्पन्न भएको ।<br>• Hanger Building मा Enclosure Wall तथा Exhaust Window Installation को काम सम्पन्न । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-४९<br>बजेट-२१८ | पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य ७५ प्रतिशत सम्पन्न हुने । | • Terminal लगायत सबै भवनहरुमा Water Proofing, Decoration, Finishing लगायतका काम सम्पन्न ।<br>• Terminal लगायत सबै भवनहरुमा Cable and Conduit Work सुचारु भएको ।<br>• Access Road, Car park Area, Terminal Area मा Road को Sub base तथा Base Course को कार्य सम्पन्न । Rigid pavement कार्य शुरु । Water System को पाइप विछ्याउने कार्य सुचारु ।<br>• Terminal, ATC Tower, Hanger को निर्माण कार्य सम्पन्न भै Glass, Curtin wall, Aluminum, Plate, AC Power Distribution Cabinet लगायत Steel Structure Decoration, Finishing, Electrification HVAC तथा MEPF जडान कार्य सुचारु। |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति- ४९<br>बजेट-<br>२१८ | निजगढ अन्तराष्ट्रिय विमानस्थल निर्माण कार्य । | • विमानस्थल निर्माण कार्यको Master Plan तयारीको लागि RFP मूल्यांकनको चरणमा रहेको ।<br>• टागिया बस्ती व्यवस्थापन र Site Clearance को लागि सम्बन्धित मन्त्रालयहरुमा पत्राचार भएको ।<br>• विमानस्थल निर्माण गर्ने सम्बन्धमा पूर्वाधार निर्माण (Fencing , River Training ) कार्य भैरहेको ।<br>• जग्गा अधिग्रहण सम्बन्धी कार्यका लागि सम्बन्धित निकाय र जग्गाधनीसंग छलफल एवं समन्वय भईरहेको ।<br>• बकैया खालाको River Training सम्बन्धी कार्यका लागि सम्झौता भई कार्य सुचारु भएको।<br>• Fencing निर्माण कार्य सम्पन्न भएको। |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति-४९<br>बजेट-२१८ | **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल** विकास र विस्तार । | • विमानस्थलको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत धावनमार्ग तथा ट्याक्सीमार्गको विश्वमा प्रचलित आधुनिक प्रविधी तथा सामग्रीको प्रयोग गरी पुनरुद्दार (Rehabilitation) गर्ने कार्य सम्पन्न भएको छ ।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार कार्य तथा Centerline Light जडान गर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको ।<br>• दक्षिण तर्फ थप २ वटा वाइडबडी जहाज पार्किङ गर्न मिल्नेगरी एप्रोन निर्माण सम्पन्न भई हाल ५ वटा वाइडबडीस्तरको जहाज पार्किङ गर्न सकिने भएको छ ।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गको दक्षिणतर्फ ३०० मिटर विस्तार भएको र ३०० मिटर Runway End Safety Area (RESA) निर्माण भएको ।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय प्रस्थान तर्फ Terminal Building निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।<br>• बुटिक विमानस्थलको अवधारणा अनुरुप बगैंचा निर्माण, आगमन हलमा कलात्मक मुर्तीहरु राखिएको ।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थलको रुपमा रुपान्तरण गर्ने कार्य समग्रमा ४५ प्रतिशत सम्पन्न भएको छ |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| (नीति ६५ बजेट २१७) | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विकास र विस्तार । | • **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल**को आन्तरिक टर्मिनल भवनको आगमन क्षेत्रमा Baggage Handling System (BHS) जडान भई सञ्चालनमा आएको ।<br>• अन्तर्राष्ट्रिय प्रस्थान कक्षको टिकेटिंगतर्फ एक्सरे र ब्यागेज ह्याण्डलिंग बेल्ट राख्ने कार्य सम्पन्न भएको छ ।<br>• समानान्तर ट्याक्सी वे निर्माणका लागि एशियाली विकास बैंकसंगको सम्झौतालाई अन्तिम रूप दिइएको ।<br>• उत्तरतर्फ पार्किंग क्षेत्र विस्तारको ठेक्का लगाउने कार्य सम्पन्न भएको छ ।<br>• क्यानोपी थप गरी अन्तर्राष्ट्रिय टर्मिनलको क्षेत्र विस्तार गर्ने कार्य प्रारम्भ भएको छ ।<br>• जग्गाको मुआव्जा वितरण कार्य शुरू भएको छ ।<br>• आन्तरिक विमानस्थलतर्फ पार्किङ्गस्थल तथा ट्याक्सीवे मा कालोपत्रे स्तरीकरण (Overlay)को कार्य सम्पन्न भएको। |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-६६<br>बजेट-२१९ | आन्तरिक विमानस्थलहरुको विकास र स्तरोन्नति । | • **विराटनगर विमानस्थलमा** एप्रोन तथा टेक्सी वे विस्तार गर्ने कार्य सम्पन्न भईसकेको।<br>• **चन्द्रगढी विमानस्थलमा** Apron र Runway मा Asphalt Concrete Overlay को काम सम्पन्न भएको।<br>• **भरतपुर विमानस्थलमा** Asphalt Concrete Overlay को काम सम्पन्न भएको ।<br>• **धनगढी विमानस्थलमा** Asphalt Concrete Overlay गर्ने कार्य सम्पन्न भएको ।<br>• **जनकपुर विमानस्थलमा** एप्रोन विस्तार, रन वे, ट्याक्सी वे, overlay कार्य सम्पन्न भईसकेको ।<br>• **नेपालगञ्ज विमानस्थलमा** एप्रोन निर्माण कार्यको Rigid Pavement Lay गर्ने कार्य ९०% सम्पन्न भएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति-६५ बजेट-२१७ | काभ्रेपलान्चोक लगायतका स्थानमा वैकल्पिक आन्तरिक विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गरी EIA प्रकृया अगाडि बढाउने । | काभ्रेको नाँगीडाँडामा विमानस्थल निर्माणको विस्तृत सम्भावना अध्ययन सम्पन्न भएको । |
| नीति-६७ बजेट-२१९ | आन्तरिक विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माण कार्य । | • गोकुलेश्वर विमानस्थल बैतडीको TOR, RFP Document बनेर Consultant Mobilize भई Survey गर्ने कार्य सम्पन्न भई design सम्पन्न भएको<br>• तेह्रथुमको चुहानडाँडा बिमानस्थलको TOR स्वीकृत भई सो अनुसार Consultant वाट TOR Scoping को Draft तयार भई वातावरण मन्त्रालयमा प्रस्तुतिकरण को लागि पेश भएको।<br>• प्यूठानको स्वर्गद्वारी विमानस्थलमा EIA सम्पन्न भई DPR Design हुदै। |

# नीति तथा कार्यक्रम र बजेट क्रमश–

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
|---|---|---|
| नीति-६५<br>बजेट-२१७ | रात्रि उडानको सुविधा नभएका थप विमानस्थलहरुमा रात्रिकालीन उडानको पूर्वाधार निर्माण गरिनेछ । | • **जनकपुर विमानस्थलमा** रात्रीकालीन उडान शुरु भएको ।<br>• **राजविराज बिमानस्थलमा** भू उपगह्रमा आधारित उडानविधी तयार भै परिक्षण उडान सम्पन्न भएको । |
| नीति-१५६<br>बजेट-२२० | थप देशसँग हवाई सेवा सम्झौता गर्ने । | • नेपाल र अष्ट्रेलिया सरकारबीच हवाई सेवा सम्झौता भएको ।<br>• नेपाल र चीन सरकार बीच भएको हवाई सेवा सम्झौता पुनरावलोकन भएको।<br>• नेपाल र यू.ए.ई को हवाई सेवा सम्झौता भएको ।<br>• नेपाल र फिनल्याण्ड सरकार बीच हवाई सेवा सम्झौता गर्न मस्यौदा आदान प्रदान भएको ।<br>• भारतको भिस्तारा (Vistara) एयरलाई दिल्ली-काठमाण्डौ उडानको अनुमति प्रदान गरिएको । |

# नीति तथा कार्यक्रम र बजेट क्रमशः

| बुँदा नं. | मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि |
| --- | --- | --- |
| नीति-१५६<br>बजेट-२२० | नेपाल वायुसेवा निगमको जनशक्ति विकास र उडान विस्तार । | • वाइडबडी/न्यारो बडी विमानका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरिएको ।<br>• अन्तराष्ट्रिय उडानमा औसत दैनिक उडान १३.१३ घण्टा पुगेको ।<br>• दुई वटा वाइडबडी (A330-200) जहाज थप भई चार वटा (२ वाइड बडि र २ न्यारो बडि) जहाजबाट नौवटा अन्तर्राष्ट्रिय गन्तव्य (जापानको नरिता, दोहा, दुवई, क्वालालम्पुर, हङकङ, बैंकक, दिल्ली, मुम्वई र बैंग्लोर) मा नियमित उडान सेवा सञ्चालन भएको।<br>• नयाँ गन्तव्य (साउदी अरेवीयाको रियाद, जापानको ओसाका, चीनको ग्वानजाऊ र दक्षिण कोरियाको सिउल)मा उडान प्रारम्भको तयारी भएको । |

# मन्त्रालयका अन्य उपलब्धी

| आयोजना कार्यक्रम | मुख्य उपलब्धि |
| --- | --- |
| पर्यटन पूर्वाधार | • धार्से-मनासलु १० किमी पदमार्ग पुनर्निर्माण कार्य सम्पन्न ।<br>• हेलम्बु – लाङटाङ पदमार्ग, खारे सोतली छोरोल्पा दोलखा क्षेत्र पदमार्ग निर्माण सम्पन्न ।<br>• फुलचोकी नमोबुद्ध Advanture Cycling Rout निर्माण सम्पन्न भएको ।<br>• रानीमहल पाल्पा– नुवाकोट Advanture Cycling Rout निर्माण कार्य ९० प्रतिशत सम्पन्न ।<br>• दोलखा-खारे, ढोरपाटन-रुकुम—डोल्पा बोर्डर (यार्सा ट्रेल): ५ कि.मि. का योजनाहरु निर्माण सम्पन्न भएको, माईपोखरी देखि सन्दकपुर सम्म पदमार्ग: विश्रामस्थल सहित ३ कि.मि. तथा गण्डकी प्रदेशको पञ्चासे क्षेत्रमा पदमार्ग: विश्रामस्थल सहित ३ कि.मि. पदमार्ग निर्माण सम्पन्न भएको छ । |

# मन्त्रालयका अन्य उपलब्धी

| आयोजना कार्यक्रम | मुख्य उपलब्धि |
|---|---|
| पर्यटन पूर्वाधार | • सोलु खुम्बु क्षेत्रमा ६ किमी पदमार्ग तथा RCC Foot Bridge पुनर्निर्माण कार्य सम्पन्न ।<br>• प्रदेश २ को धनुषाधाम क्षेत्रको धनुष पोखरीको सौन्दर्यकरण कार्य सम्पन्न,<br>• बागमती प्रदेशको ईन्द्रसरोवर क्षेत्रमा भ्यू टावर निर्माण कार्य सम्पन्न,<br>• प्रदेश ५ को जगदिशपुर ताल वरपरको क्षेत्रमा २.४ कि.मि. फुटपाथ निर्माण सम्पन्न,<br>• कर्णाली प्रदेशको रारा ताल क्षेत्रमा १०० मिटर काठे पुल तथा दुईवटा भ्यू डेक निर्माण सम्पन्न,<br>• सुदुर पश्चिम प्रदेशको कैलाली भादागाउँस्थित जोगिनिया ताल वरपरको क्षेत्रमा थप १ कि.मि. फुटपाथ र दुई स्थानमा भ्यू डेक निर्माण कार्य सम्पन्न । |

# मन्त्रालयका अन्य उपलब्धी

## पर्यटन क्षेत्रमा उत्पादित जनशक्ति

- आ.व. २०७६/७७ मा शैक्षिक तर्फ १६३३ जना र तालिम तर्फ ७५८५ जना गरी कुल ९१२८ जनशक्ति उत्पादन भएको छ ।

| क्र.स. | निकायहरु | शैक्षिक तर्फ | तालिम तर्फ |
|---|---|---|---|
| १. | नेपाल प्रर्वतीय प्रशिक्षण प्रतिष्ठान | ११० जना | १११४ जना |
| २. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | १५२३ जना | ३१०९ जना |
| ३. | तारागाउँ विकास समिति | - | ४८० जना |
| ४. | नेपाल पर्यटन वोर्ड | - | २८८२ जना |
| | **जम्मा** | **१६३३ जना** | **७५८५ जना** |

# मन्त्रालयका अन्य उपलब्धी

## पर्यटन क्षेत्रमा गरिएका नीतिगत सुधारको प्रयासहरु

- नयाँ पर्यटन विधेयक, २०७७ को मस्यौदामा मन्त्रालयगत सहमति लिई कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिका लागि पठाइएको ।
- पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० मा संशोधन भएको ।
- पर्वतारोहण नियमावली र स्की नियमावली २०७७ तर्जुमा गरी कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिको लागि पठाईएको ।
- क्यासिनो नियमावली, २०७० संशोधनको प्रक्रियामा रहेको ।

# मन्त्रालयका अन्य उपलब्धी

| आयोजना कार्यक्रम | मुख्य उपलब्धि |
| --- | --- |
| नागरिक उड्डयन | • ICAO बाट नेपालको हवाई सुरक्षा अडिट सम्पन्न भएको । सो अडिटको क्रममा उठेका विषयहरुको Corrective Action Plan (CAP) बनाई ICAO मा पेश भई स्वीकृत समेत भै सकेको ।<br>• नेपालको हवाई आकाशमा Surveillance सेवाको विस्तारका लागि काठमाडौं (फूलचोकी), नेपालगञ्ज, गौतमबुद्ध र धनगढी विमानस्थलमा Automatic Dependent Surveillance-broadcast (ADS-B) प्रणाली जडान सम्पन्न भएको ।<br>• रात्रीकालिन उडान सेवा संचालन भएको विमानस्थलको संख्या ८ पुगेको<br>• Aircraft Rescue and Fire Fighting (ARFF) सेवा रहेका विमानस्थलको संख्या १७ पुगेको छ ।<br>• ICAO ले तोकेको ढाँचामा हवाई सुरक्षा Inspector Hand Book तयार गरिएको ।<br>• आन्तरिक गन्तव्यतर्फ कुल २५ गन्तव्यमा उडान सेवा सञ्चालन भएको ।<br>• नेपालका वायुसेवा कम्पनीहरुले (नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स र बुद्ध एयर) ले ९ वटा मुलुकका १६ वटा सेक्टरमा वायुसेवा सञ्चालन गरिरहेको ।<br>• फाप्लु, रामेछाप र जोमसोम विमानस्थलमा मौसमी सूचना प्रणाली सुदृढीकरण कार्य सम्पन्न भएको। |

# मन्त्रालयका अन्य उपलब्धी

## नागरिक उड्डयन क्षेत्रमा भएका नीतिगत सुधारका प्रयासहरु

- नयाँ हवाई नीतिको मस्यौदा तयारी सम्पन्न भएको ।
- **नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७७** तथा **नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७७** लाई मन्त्रिपरिषद्को स्वीकृति पश्चात **राष्ट्रिय सभामा पेश** गरी विधायन समितिमा **दफावार छलफल** पूरा गरी प्रतिवेदन तयार गरिएको।
- साविकको **गैह सैनिक हवाई उडान (सिभिल एभियशन) ऐन, २०१५** लाई प्रतिस्थापन गर्न **नेपाल नागरिक उड्डयन विधेयक** तर्जुमा गरी **सरोकारवाला मन्त्रालयको** सहमतिको लागि पठाइएको ।
- **गैह्र सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१** परिमार्जनको **प्रारम्भिक मस्यौदा** तयार भएको ।
- **विमानस्थलका कार्य तथा सेवाहरूको प्रभावकारी सञ्चालन सम्बन्धी सुविधादेय नियमावली, २०७७ कानून मन्त्रालयमा परिमार्जन तथा राय/सहमतिका लागि पठाइएको।**
- **विमानस्थल दस्तुर नियमावली, २०६७** लाई संशोधन गर्न **अर्थ मन्त्रालयमा** राय/सहमतिको लागि पठाइएको ।

# मन्त्रालयका अन्य उपलब्धी

| आयोजना कार्यक्रम | मुख्य उपलब्धि |
| --- | --- |
| संस्कृति प्रवर्धन | • आदिवासी जनजातिहरुद्वारा सञ्चालित पर्यटनमा टेवा पु-याउने होमस्टेलाई संस्कृतिको संरक्षण गरी व्यबस्थित पर्यटन ब्यबसाय सञ्चालनका लागि **गण्डकी प्रदेश अन्तर्गत** रहेका जिल्लाहरुका होमस्टे सञ्चालकहरुलाई अभिमुखिकरण तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।<br>• **दाङको घोराही**मा प्रदेश नं ५ भित्र रहेका १३ वटा आदिवासी जनजातिहरुका ३ जनाका दरले ३९ जना अगुवाहरुलाई अमूर्त साँस्कृति सम्पदा सम्वन्धी भएका कानुन र संरक्षण योजना सम्वन्धी विषय विज्ञहरु मार्फत **प्रशिक्षण कार्यक्रम (TOT)** सम्पन्न भएको ।<br>• अभिलेखिकरण सम्बन्धी अध्ययन अनुसन्धानका लगि २७ ओटा भाषाहरूको छनौट गरिएको ।<br>• **नेवारी, तामाङ, बज्जिका, सुनुवार, कुमाल र थारु गरी ६ वटा भाषाको ६ वटा स्थानीय तहहरूमा मातृभाषाको स्तर पहिचान**, शिक्षामा मातृभाषाको प्रयोग सम्भाव्यता कार्यक्रम सञ्चालन र सम्पन्न ।<br>• **विभिन्न २८ वटा भाषाको विद्युतीय शव्दकोष निर्माण** कार्यका लागि शव्द प्रविष्ट गर्ने कार्य सम्पन्न । |

# मन्त्रालयका अन्य उपलब्धी

| आयोजना कार्यक्रम | मुख्य उपलब्धि |
| --- | --- |
| संस्कृति प्रवर्धन | • राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखहरु क्याटालग सहित **५०,००० इमेजहरू डिजिटाइज्ड** गरिएको ।<br>• **कुमारी चोकका ११,००० पाना** ग्रन्थहरूको अवस्था हेरी आवश्यक भौतिक तथा रासायनिक संरक्षण गरी व्यवस्थित गरिएको ।<br>• **राष्ट्रिय अभिलेखालयमा रहेका ८ लाख Digital Image** लाई Tagging गरी व्यवस्थित तरिका वाट Server मा राखिएको ।<br>• ऐतिहासिक ग्रन्थ तथा दस्तावेजहरु रहेका माइक्रो फिल्ममा Acid formations का कारण विग्रने अवस्थामा पुगेकाले **७०० वटा माइक्रोफिल्म रिल** Copy गरी नयाँ वनाएको ।<br>• काठमाडौं महानगरका वडा १७ देखि ३२ सम्मका **६५० वटा शिलापत्रहरूको** विस्तृत विवरण सहितको सूची तयार गरिएको ।<br>• **पन्ध्र जिल्लाका १९ वटा गुम्वा तथा विहारहरु**को मर्मत संभार गरिएको ।<br>• नेपाली भाषाको प्रयोगमा सहजता ल्याउन नेपाली वृहत शब्दकोषको मोवाइल एप सञ्चालनमा ल्याइएको । |

# मन्त्रालयका अन्य उपलब्धी

## संस्कृति क्षेत्रमा गरिएका नीतिगत सुधारको प्रयासहरु

- **प्रतिलिपि अधिकार ऐन, २०५९** लाई संशोधन गर्न बनेको विधेयक **राष्ट्रिय सभामा पेश** गरिएको ।
- **अभिलेख संरक्षण ऐन, २०४६** लाई संशोधन गर्न बनेको विधेयक **राष्ट्रिय सभामा पेश** गरिएको ।
- दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका वा मुद्रित वस्तु हेर्न असमर्थहरुका लागि प्रकाशित रचनासम्मको पहुँचलाई सहजीकरण गर्ने **माराकेश सन्धि, २०१३** अनुमोदनका लागि **संघीय संसदमा पेश** गरिएको ।
- **प्राचिन स्मारक संरक्षण ऐन, २०१३** को संसोधन प्रस्तावमा **कानून मन्त्रालयमा** परिमार्जन तथा राय/सहमतिको लागि पठाइएको ।

# कोभिड १९ को असर

- पर्यटन तथा हवाइ क्षेत्रको नोक्सानी अध्ययन गर्न गठित समितिको प्रतिवेदन अनुसार प्रति महिना सरदर १० अर्वको कारोवार मूल्यको प्रत्यक्ष क्षति भएको अनुमान देखिएको ।
- कोभिडका कारण चैत्र ११ गते देखि असार १५ गते सम्म ३४ अर्वको नोक्सान भएको ।

# अतिरिक्त क्रियाकलाप

## उद्दार तथा सहजीकरण

- लकडाउन भएको कारण नेपालभित्र अलपत्र परेका विदेशीहरूलाइ मुलुकका विभिन्न क्षेत्रबाट काठमाडौं ल्याउने र सम्बन्धित देशको दूतावाससंगको समन्वयमा विदेशमा पठाउने कार्य कार्य सम्पन्न ।
- यस अवधिमा ६११ जना विदेशी पर्यटक र ३३९ जना नेपाली सहित जम्मा ९५० जना पर्यटकको उद्दार गरिएको ।
- लकडाउनको अबधिमा ८७९ जना विदेशी नागरिकलाई सडक यातायातबाट उद्धार गरिएको।
- नेपाल पर्यटन बोर्डमा फागुन १९ गते कोभिड १९ संकट व्यवस्थापन इकाइ स्थापना गरी सो मार्फत नेपालमा अलपत्र रहेका पर्यटकलाइ सुचना र आवश्यक सहयोग गर्ने क्रममा ७६८ वटा इमेल तथा १५५० फोनकल प्राप्त गरी पर्यटकलाई सल्लाह, सुझाब तथा उद्धार गरिएको ।
- विशेष हवाई ढुवानीको व्यवस्था मिलाई चीन लगायतका देशबाट तत्काल स्वास्थ्य सामग्री आयात गर्न समन्वय गरिएको ।

# अतिरिक्त क्रियाकलाप

## उद्दार तथा सहजीकरण क्रमश..

- मध्यपूर्व र यूरोपका अतिरिक्त विभिन्न १९ मुलुकहरूबाट मार्च २४ देखि २७ जुलाईसम्म नेपाल वायुसेवा निगम सहितका अन्य वायुसेवाका कुल ४९२ उडानबाट ३४,३९२ नेपालीसहित अन्यलाई उद्दार गरी ल्याइएको र नेपालमा अलपत्र परेका विदेशी सहित १६,३४१ यात्रु विदेश प्रस्थान गरेका।
- उद्धार गरिने मुलुकका दुतावासहरू तथा वायुसेवा कम्पनीसंग उडान तालिका र भाडा दरको समन्वय गरेको ।
- कूल ४९२ अन्तर्राष्ट्रिय उडानमा नेपाल वायुसेवा निगमका १७८, हिमालय एअरलाईन्स १३९, बुद्ध एअर ४ र श्री एअरलाईन्सा ६ गरी नेपाली वायुसेवा निगमहरूले ३१७ उडान गरेको ।
- ९९ वटा अन्तर्राष्ट्रिय कार्गो उडानबाट करीब ८३११८० टन कार्गो भित्रिएको छ भने ९३०४०८ किलो कार्गो बाहिरीएको छ ।

# अतिरिक्त क्रियाकलाप

## पर्यटन क्षेत्र तथा हवाइको नोक्सानी तथा पुनरूत्थान कार्यक्रम

- नेपाल सरकारको बजेट तथा कार्यक्रममार्फत पर्यटन क्षेत्रका कर्मचारी तथा पुनर्कर्जाका लागि पाँच प्रतिशत व्याज दरमा कोषबाट ऋण दिने व्यवस्था भएको ।
- होटलको लागि भ्याट दाखिला गर्ने समयावधि २ महिनाबाट बढाएर चार महिना पुर्याएको।
- हवाइजहाज पार्किंग शुल्कमा ७५ प्रतिशत बहाल आयमा छुट र इजाजत तथा नवीकरण दस्तुरमा लकडाउन अवधिको ५० प्रतिशत छुट दिन नेपाल सरकारसमक्ष सिफारिश गरेको ।
- लकडाउन अवधिमा लाग्ने डिमरेज चार्ज छुट दिएको ।
- बजेटबाट पुनरुत्थानको कार्यक्रम र दिगो पर्यटन विकासका अवधारणामा काम गर्न रू २० करोडको बजेट व्यवस्था गरिएको छ ।
- होटल रेष्टुरेण्ट तथा पर्यटन क्षेत्रका विभिन्न निकायमा व्यावसाय सुचारू गर्दा अपनाउने स्वास्थ्य सुरक्षा प्रोटोकल जारी गरिएको छ ।

# मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक (२०७५ चैत्र २८) को निर्णयहरुको प्रगति स्थिति

| निर्णय | कार्य प्रगति |
|---|---|
| १.हाल कार्यान्वयन भइरहेका केही कार्यक्रमहरुको प्रगति संतोषजनक देखिएता पनि अधिकांश कार्यक्रमहरुमा पूँजीगत खर्च कम भएको, तोकिएको समयमा कार्य सम्पन्न नभएको तथा अनुगमन मूल्याङ्कन प्रभावकारी नदेखिएकोले स्पष्ट कार्ययोजना र समय सीमा तोकी यथासमयमै कार्य सम्पन्न गर्ने । | अनलाइन रिपोटिङ्ग एवं मनिटरिङ्ग व्यवस्था भएको सो कामको लागि सम्पर्क व्यक्ति तोकिएको । कम प्रगति भएको सम्बन्धमा पृष्ठ पोषण गर्ने गरिएको, १४१ प्राथमिकता प्राप्त कार्यक्रमको अनलाइन एप्स मार्फत अनुगमन एवं नियमित रिपोटङ्ग गरिएको । |
| २.नियमित कार्यान्वयनमा सक्रियताका साथ कार्य गर्नुका साथै सिर्जनात्मकता र नवप्रवर्तनकारी (Innovative) कार्यमा समेत जोड दिने । | कम्प्लेन बक्स, भिजियल डिस्प्ले, सुचना प्रविधि, एयरपोर्टमा मार्किङ्ग, स्वस्थ्य मापदण्ड तयारी एवं कार्यान्वयन भएको । |
| ३.सबै निकायले नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन कार्यक्रम मार्फत के योगदान गर्न सकिन्छ वा भर्मण वर्षसंग सम्बन्धित कस्तो योजना कार्यक्रम बनाउन सकिन्छ विश्लेषण गरी कार्य योजनामा समावेश गर्ने । | संबद्ध निकायहरुले प्रर्वद्धनात्मक काम भएको र पछि COVID-19 को कारणले स्थागित हुन गएको । |

# मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक (२०७५ चैत्र २८) को निर्णयहरुको प्रगति स्थिति

| निर्णय | कार्य प्रगति |
|---|---|
| ४. प्रत्येक निकायले आफ्नो Business Plans, सुधारको रणनीति ,र स्पष्ट कार्ययोजना बनाई व्यावसायिक रुपले अगाडी बढ्ने पद्धति स्थापित गर्ने । | मन्त्रालय र अन्तर्गत निकायमा Business Plan तयार भएको । |
| ५. प्रगतिका आधारमा प्रमुख तथा अन्य कर्मचारीलाई प्रोत्साहन वा दण्ड दिने मूल्याङ्कन पद्धतिको विकास गरी जिम्मेवार, प्रतिवद्ध र कामप्रति लगनशील हुने कार्यवातावरणको व्यवस्था मिलाउने । | कार्य सम्पादन करार गरिएको प्रशासनिक काममा विद्युतिय हाजिर नियमित गराउदै लगिएको , तालिमको व्यवस्थालाई निरन्तरता दिएको । |
| ६. गुणात्मकतामा जोड दिई पर्यटन क्षेत्रलाई व्यवसायिक बनाउन सबै क्षेत्रमा समन्वयलाई प्रभावकारी बनाउने तथा पर्यटकलाई आवश्यक पर्ने सुलभ हवाईसेवा, गुणस्तरीय वसाई, स्वस्थ्य र अन्य सुविधाको राम्रो प्रवन्ध हुने गरी कार्यवातावरण सुधार गर्ने । | अनुगमनमा सहजिकरण, नागरिक उड्डयनलाई सुधारको लागि कानून संसदमा पेश भएको, पर्यटन सम्बन्धी जनशक्तिको विकास गरिएको, स्वस्थ्य प्रोटोकल तयार, अनुगमन एवं सहजीकरण गरिएको । |

# NDAC को निर्णय कार्यान्वयन प्रगति

| सि.नं. | निर्णयको व्यहोरा | निर्णय कार्यान्वयन प्रगति |
|---|---|---|
| ४५, ४६ र ४७ औं NDAC को कुनै पनि निर्णय मन्त्रालयसंग सम्बन्धित नरहेको । | | |

# मुख्य समस्याहरु:

| सि.नं. | आयोजना | समस्याहरु |
|---|---|---|
| १ | गौतमबुद्व अन्तर्राष्ट्रिय विमानस्थल | • ढुङ्गा, गिट्टी, बालुवा, माटो लगायतमा निमार्ण सामाग्री उपलब्ध गराउने क्रममा केही अप्ठ्यारोहरु रहेको ।<br>• COVID-19 का कारण चिनमा तयार भएको Conveyor Belt, धावनमार्ग एवंम् ट्याक्सी वे को विधुतिय सामाग्री (Light Fixtures) आयोजना स्थल ल्याउन कठिनाई भइरहेको ।<br>• अन्य देशबाट आउनुपर्ने Expert Manpower अन्तर्राष्ट्रिय उडान बन्द हुदाँ ल्याउन नसकिएको, चिनिया नयाँ वर्ष मनाउन गएका कामदार एवम् दक्ष जनशक्ति फर्कि आउन नसकेको, उद्योग, व्यापार, व्यवसाय बन्द भएका कारण हार्डवेयर जन्य आपूर्तिमा कठिनाई भएको/हुन नसकेको साथै आवश्यक संख्यामा मजदुरहरु उपलब्ध हुन नसकेको । |
| २. | पशुपति क्षेत्र विकास कोष | • पशुपति विकास क्षेत्रभित्र रहेको कतिपय सम्पदाहरु बहुस्वामित्व (गुठी संस्थान तथा कोष) मा रहेकोले निर्माण कार्यमा समस्या रहेको ।<br>• सम्पदा संरक्षणमा अन्यनिकायहरुको समेत सहमति लिन पर्ने हुँदा समयमा काम सम्पन्न गर्न कठिनाई भएको ।<br>• स्थानीय सरोकारवालाहरुबाट समन्वयमा कमि । |

# मुख्य समस्याहरु:

| सि.नं. | आयोजना | समस्याहरु |
|---|---|---|
| ३. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | • टाँगिया बस्ति निर्माण क्षेत्रको मध्ये भागमा रहेको र सो बस्ती, वन क्षेत्र भित्रको सरकारी जग्गामा रहेको ।<br>• जग्गाधनीहरूले मुआब्जाको लागि निवेदन नदिएको । |
| ४. | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | • परम्परागत निर्माण सामग्री, दक्ष कारीगढको कमी ।<br>• देश भरीकै सम्पदाहरुको संरक्षण कार्यको एक मात्र जिम्मेवार निकाय पुरातत्व विभागको ७ वटै प्रदेशमा यूनिट अफिस नभएको । |
| ५. | पुरातात्विक स्थल संरक्षण आयोजना | |

# मन्त्रालयका मुख्य चुनौतिहरु:

१. पर्यटकको संख्या वृद्धि गर्नु ।

- भिजिट नेपाल जस्तै प्रकारका वार्षिक तथा आवधिक अभियानहरु सञ्चालन गर्नु ।

२. पर्यटन क्षेत्रमा लगानी आकर्षण गर्नु ।

- नीतिगत सहजीकरण
- संस्थागत सबलीकरण
- कार्यगत व्यवसायिकरण
- दक्ष जनशक्ति व्यवस्था गर्नु

३. कोभिड पश्चातको पुनरुत्थान ।

- पर्यटन व्यवसायका लागि राहत, पुनरुत्थान र पुनर्स्थापना

४. संघीय संरचनामा पर्यटन क्षेत्रमा सहकार्य ।

५. गुणास्तरीय पर्यटकहरु भित्र्याउने (बढि खर्च गर्ने, लामो बसाई अवधि) ।


धन्यवाद